# काठमांडू ७ का स्वतन्त्र उम्मेदवार किरण केसीको शिक्षा सम्बन्धि भिजन

नमस्कार म किरण केसी। आउदै गरेको संघिय संसदको चुनावमा क्षेत्र नम्बर काठमान्डू ७ को स्वतन्त्र उम्मेदवार। संसद भनेको नीति छलफल गर्ने, संसोधन गर्ने र बनाउने ठाउँ हो तसर्थ म शिक्षा सम्बन्धि दृष्टिकोण प्रस्तृत गर्न गैरहेको छु मैले सानो रिसर्च गर्दा के पाएँ भने प्राथमिक स्तरमा सरदर ७५ लाख विद्यार्थी हुदा रहेछन यो भनेको कक्षा १ देखि ५ सम्मको संख्या हो जसमध्ये ५७ लाख जनाले ६ देखि १० कक्षा सम्म पढ्छन त्यसरी नै ५-६ लाख जनाले प्रतेक साल एस इ इ दिन्छन ११ र १२ को जोड्दा १० लाख प्लस पुग्छ यसरी ४ लाख जनाले ब्याचलर्स जोइन गर्दछन भने जम्मा ४३ हजार भन्दा थोरै बढीले मात्रै मास्टर्स जोइन गर्दा रहेछन यो टेन्डेन्सी लाइ हेर्दा नेपालमा स्कुल ड्रप को रेट एकदम हाइ छ जिओमेट्रिक रुपमा घटेको छ प्राथमिक पढ्नेहरु निमावी सम्म जादा असोचनीय रुपमा घटेको पाइयो त्यसरी नै एमफिल १ हजारको वरिपरी छ भने सामान्यतया एमफिल गरेकोले पी एच डी मा इनरोल भएको पाइयो अर्को तर्फ मैले एक दशकको शिक्षा तर्फको वार्षिक बजेट हेरे जस्तो कि २०६८/६९ को बजेटमा शिक्षामा कुल बजेटको १६.६ % थियो भने ७१/७२ मा १५.४ % थियो ७४/७५ देखि त ओरालो नै लाग्यो ९.९ % भयो भने ७८/७९ मा १०.९२ % बजेट छ पछिल्लो दस वर्षमा बनेका सबै सरकारको शिक्षा प्रतिको रवैया देखाएको छ भर्ना भएका विद्यार्थी घट्दै जानु र प्रतिशतमा शिक्षा बजेट घट्दै जानुले विरोधाभास देखाउँछ धन्न अहिलेको बजेटले जेनतेन धानेको देखिन्छ नत्र यदि विद्यार्थीले नछोड्ने र प्राथमिक स्तरमा भर्ना भएका सबै विद्यार्थी कम्तिमा पनि मावि लेवल सम्म आउने हो भने अहिलेको स्कुल टिचर र स्रोतसाधनले नभ्याउने निश्चित छ युनिसेफको एउटा रिपोर्ट अनुसार सहरहरुमा सन् २००३ देखि २०१५ मा प्राथमिक बाल विकास केन्द्र ( मन्टेश्वरी जस्तै ) ३५ % ले बढेको देखाएको छ हामी संग रहेको अनिवार्य र निशुल्क शिक्षा ऐनले प्रतेक दुइ किलोमिटरमा विद्यालय हुनु पर्ने भन्छ जसलाई छिमेकी विद्यालय भनिन्छ तर हामी समाचार पढी रहेका छौं कि स्कुल जान डेढ दुइ घण्टा हिडेर पुग्नु पर्छ टाढा स्कुल हुनु पनि विद्यालय छोड्नु पर्ने एक कारण हो नेपालमा सरकारी, निजि र सामुदायिक तिनै मोडेलको स्कुल क्याम्पसहरु संचालनमा छ स्कुलस्तरीय शिक्षालाइ तिनै तहको सरकारको जिम्मेवारीमा राखिएको छ लेखक तथा अनुसन्धानकर्ता सन्तोष परियारको डा. सचिन घिमिरेका अनुसार विश्व तर्फ हेर्दा स्कुल लेवलको शिक्षामा युरोपको प्रणाली राम्रो देखिएको छ त्यहाँ एकोहोरो भन्दा पनि

सिकाइका विविध विधि बाट सिकाइने गरिन्छ फिनल्याण्डमा ६ वर्षमा मात्रै बचाबच्चिलाई स्कुल पठाइन्छ नेपालमा ३-४ वर्षमै पठाउन थालिएको छ तर उच्च शिक्षा तर्फ हेरियो भने चाही अमेरिका नै अब्बल देखिन्छ युरोप र अमेरिका दुवैमा निजि र सरकारी विश्वविद्यालय दुवै अब्बल बलिया देखिन्छन क्षमता छ भने क्षमता देखाएर स्कलरसिपमा पढ होइन भने पनि पैसा तिरेर राम्रो शिक्षा लिने सुबिधा युरोप अमेरिकामा अभ्यास भएको देखिन्छ कम्युनिष्ट शासन भएको देश क्युबामा शिक्षा पूर्णत निशुल्क र पूर्णत राज्य नियन्त्रित छ नेपालमा कस्तो मान्छे टिचर बन्छन त भन्ने महत्वपुर्ण प्रश्न छ डा. सचिन घिमिरेका अनुसार अनुसार नेपालमा पहिलो त कसैको पनि टिचर बन्ने पहिलो छनोटको विषय होइन जुनसुकै विषयमा होस कम मार्क्स ल्याउनेले एजुकेसन पढ्ने र टिचर हुने देखिएको छ कमजोर टिचरले झन कमजोर विद्यार्थी उत्पादन गरिरहेको स्थिति छ अरु कुनै सम्भावना नदेखेपछि निरासा मानसिकतामा टिचर बन्ने प्रवृति छ मैले सामाजिक संजालमा पढेको थिए कुनै पनि देशलाइ सिध्याउन छ भने सब भन्दा पहिले त्यहाँ टिचरलाई सिध्याउ भर्खरै देख्यौ कि प्रधानमन्त्री निकट विद्यार्थी संगठनको नेताले विश्वविध्यालयमा ताला लगाएको , प्राध्यापक कुटेको र पदाधिकारीको माइन्युट खोसेको तर यसलाई पनि नेपाली समाजले सजिलै पचाएको छ

***नेपालको शिक्षा प्रणालीमा मुलत निम्न समस्या देखे***

*→ बिचैमा पढाइ छोड्ने*

*→कमजोर मान्छे टिचर प्रोफेसर बन्ने*

*→विद्यालय व्यवस्थापन देखि विश्वविध्यालयको पदाधिकारी सम्म चरम राजनीति*

*→महँगो खर्चिलो प्राइभेट पढाइ*

*→ असमावेसी शिक्षा , एउटा खास समुदाय जात मात्र ज्ञान उत्पादन र प्रसारण गर्ने चेनमा आवद्ध*

*→हालको शिक्षा प्रणालीले बेरोजगार उत्पन्न गरिरहेको छ , यहाँ बाट पास आउटलाइ यहि बिक्री हुन गारो छ*

*→समयमा कोर्स नसकिने*

***यी समस्याहरुको समाधान पनि म संग छ***

*→ विचैमा पढाइ छाड्नुको के कारण हो प्रतेक विद्यार्थी केन्द्रित कारण पहिचान गरेर सहयोग गर्ने नीति लेराउने*

*→ सुविधा , तलव र अन्य व्यवस्था मार्फत अब्बल र टपरहरुलाई टिचर प्रोफेसर हुन प्रोत्साहन गराउने नीति निर्माण गर्ने*

*→विद्यालय व्यवस्थापन खारेज गर्ने र विश्वविद्यालयमा पनि प्राज्ञिक व्यक्ति मात्र पदाधिकारी बनाउने नीति निर्माण गर्ने*

*→ विद्यार्थी संगठनहरुमा उमेर हदबन्दी लगाउने नीति निर्माण गर्ने*

*→ विद्यार्थी संगठनका सदस्यहरु क्लासमा बस्दैनन् , पढ्दैनन् , र अन्तिममा फर्म भरेर एउटा छुट्टै कोठामा मेलमिलापमा परिक्षा दिन्छन , जस्ट पास हुन्छन र पछी तिनै कमजोर विद्यार्थीहरु नेता सांसद बनेर कमजोर शिक्षा नीति बनाउंछन   यो चेनलाइ भत्काईनेछ । रेगुलर पास विद्यार्थीलाई मात्र राजनीतिमा लाग्न पाउनेछ ।*

*→ महँगो फी तिर्ने भएका कारण प्राइभेट स्कुल कलेजमा अभिभावक थोरवहुत सचेत भएपनि सरकारीमा अभिभावक स्कुल क्याम्पस प्रति सचेत हुदैनन , अभिभावकलाइ सचेत हुन जिम्मेवार बनाइनेछ*

*→ नेपालमा वर्षौ सम्म एउटै कोर्स पढाइ हुन्छ , प्रतेक ३-४ सालमा कोर्स चेन्ज हुनेछ ,*

*→ प्राइभेटको फि महँगो चर्को छ तीतो घटाइने नीति हुनेछ*

*→ आज सम्म धेरै जसो बाहुन क्षेत्री मात्र टिचर प्राध्यापक भएकोले त्यसले ज्ञान निर्माणमा विविधता दिन नसकेकोले , नेपालको सबै भाषा धर्ममा रहेको लुकेको ज्ञानलाइ प्रसारण गर्न शिक्षक शिक्षिकामा समावेसी प्रणाली अपनाइनेछ*

*→ विद्यार्थीलाई स्कुलमा पिट्न पाइनेछैन , र कुनै पनि प्रकारको डीमोरलाइज गर्न पाइनेछैन*

*→अहिलेको ३ घन्टे परिक्षा विधि बदलेर मूल्यांकनको वहुविधि अपनाईनेछ*

*→ प्रधानमन्त्री नै विश्वविध्यालयको कुलपति हुने व्यवस्थाको अन्त्य गरिनेछ*

*→ प्राविधिक शिक्षालाइ बढावा दिईनेछ र मावि देखि नै एउटा न एउटा रोजगारी मुलक शिक्षा जोडिनेछ*

*→एकेडेमिक क्यालेन्डर कडाइका साथ लागु गरिनेछ*

*→ र अन्य सुधारका उपायहरु विज्ञहरु संग बसेर दिर्घकालिन शिक्षा नीति बनाइनेछ*